# नेपालका एघार वनको प्रमाणीकरण

काठमाडौं, (नेस)। सामाजिक, आर्थिक र वातावरणीय पक्षका आधारमा नेपालका ११ वटा सामुदायिक वनलाई फरेस्ट स्टेवार्डसिप काउन्सिलले प्रमाणीकरण गरेको छ।

उच्चतम अन्तर्राष्ट्रिय मापदण्डअनुरुप प्रमाणित गरिएका यस्ता सामुदायिक वनहरू दोलखा र बझाङका रहेका छन्, जसको क्षेत्रफल १० हजार ५ सय हेक्टर रहेको छ।

विश्वभर नै वनको दिगो व्यवस्थापनका लागि क्रियाशील सो काउन्सिलले हालसम्म ६० देशका ४ करोड २० लाख हेक्टर वनलाई प्रमाणीकरण गरिसकेको छ। यस्तो प्रमाणीकरणपछि सामुदायिक वन उपभोक्ता समूहहरूले गैरकाष्ठ वन पैदावरलाई सहजरुपमा अन्तर्राष्ट्रिय उद्योगहरूसम्म पुऱ्याउन सक्छन्। यसबाट जडीबुटी तथा गैरकाष्ठ वन पैदावरको दिगो विकास र बजार प्रवर्द्धन गर्न सहयोग पुग्ने सोमबार यसबारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा बताइयो।

खास गरी जडीबुटी तथा गैरकाष्ठ वन पैदावरको अन्तर्राष्ट्रिय बजारमा बिक्री गर्ने होडबाजीबाट वन विनाश हुने तर सम्बद्ध समुदायहरू कमजोर हुने क्रम बढेपछि विकल्पको रुपमा सामुदायिक वनको दिगो व्यवस्थापनमा जोड दिइएको हो। यसका लागि एसिया नेटवर्क फर सस्टिनेबल एग्रिकलचर एन्ड बायोरिसोर्सेज (एन्साब) को संयोजकत्वमा रेनफरेस्ट एलायन्सको गठन गरिएको छ, जसमा नेपालको गैरकाष्ठ वन पैदावरको क्षेत्रमा कार्यरत ५० भन्दा बढी संस्था आबद्ध छन्।

पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार डेढ दशकदेखि विकासोन्मुख मुलुकमा सफल बनिरहेका सामुदायिक वनले विश्वको २५ प्रतिशत वनक्षेत्र ओगटेका छन्। नेपालमा रहेका १३ हजारभन्दा बढी वन उपभोक्ता समूहमा यहाँको एक तिहाइ जनसंख्या पर्दछन्। यीमध्ये अधिकांशको जीविकोपार्जनको प्रमुख साधन गैरकाष्ठ वन पैदावर नै हो। तर यिनको संरक्षण र संकलन गर्ने समुदायले कम मूल्य पाउने र पैदावर सकिएपछि बेवास्तामा पर्ने भएकाले दिगो विकास हुन सकेको छैन।

यस्तो परिस्थितिविरुद्ध लड्न, उत्तरदायी व्यवसायको विकासद्वारा जैविक विविधतालाई ह्रास हुन नदिन र समुदायका लागि जीविकोपार्जनका दिगो बाटाहरू पहिल्याउन प्रमाणीकरण गर्न लागिएको सामुदायिक वनका सदस्य सचिव भोला भट्टराईले बताउनुभयो। यसै सन्दर्भमा आज मंगलबार गैरकाष्ठ वन पैदावर प्रमाणीकरण र दिगो विकाससम्बन्धी एक समारोहको समेत आयोजना गरिन लागेको जानकारी एलायन्सका संयोजक भिष्मप्रसाद सुवेदीले दिनुभयो। समारोहमा सरकारी, गैरसरकारी तथा निजी संस्था गरी करिब एक सय जना सहभागी हुने बताइएको छ।